# वन्दावन्दीको अवधिमा सर्वोच्च अदालतमा रिट निवेदनको दर्ता र सुनुवाई व्यवस्थापनका सम्बन्धमा सर्वोच्च अदालत प्रशासनबाट जारी गरिएको

## सूचना

### अदालत प्रबेश ब्यवस्थापन

१. अदालतको मूल गेटमा थर्मलगनबाट अदालत प्रवेश गर्ने सबैको अनिवार्यरुपमा ज्वरोको मापन गरिने छ । मूल गेटको भित्रपट्टि राखिएको स्यानिटाईजरको प्रयोग गरेर मात्र अदालत परिसरभित्र प्रवेश गर्ने अनुमति हुनेछ । रुघा, खोकी वा ज्वरो आई भाइरसको लक्षण देखिएका शंकित ब्यक्तिलाई अदालत प्रबेशमा अनुमति दिइने छैन ।

२. अदालत प्रवेश गर्दा भिडभाड नगरी अनिवार्यरुपमा न्यूनतम पनि १ मिटरको दूरी कायम गर्ने र अदालत परिसरभित्र रहँदा (दर्ता गर्ने स्थान र इजलासमा समेत) सो अनुरुपको दूरी निरन्तर कायम गरी कुनै पनि स्थानमा भिडभाड नगर्न अनुरोध गरिएको छ ।

३. अदालत प्रवेश गर्दा र अदालत परिसरभित्र रहँदा निरन्तररुपमा मास्क लगाएको (मुखावरण) हुनुपर्नेछ। उपरोक्त बमोजिम भए नभएको सम्बन्धमा अदालतका कर्मचारी र सुरक्षकर्मीबाट निरन्तर अनुगमन हुनेछ र प्रभावकारी कार्यान्वयन गरिनेछ ।

### सेवाग्राही तथा रिट दर्ता ब्यवस्थापन

४. रिट निवेदन दर्ताका लागि उपस्थित भएका व्यक्तिको क्रमको आधारमा रिट निवेदन दर्ताको क्रम निर्धारण गरी आफ्नो पालोको प्रतिक्षा गरी दर्ता गर्ने ठाँउमा पुग्न अदालत परिसरमा रहेको चमेना गृह अगाडिको प्रतिक्षालयमा बस्ने व्यवस्था मिलाइएको छ । रिट दर्ताको लागि आउने सेवाग्राहीका लागि प्रतिक्षालयमा बाहेक अन्य स्थानमा प्रतिक्षाको लागि रहन अनुमति दिइने छैन।

५. अदालत प्रवेश गरिसकेपछि सुरक्षाकर्मी वा अदालतका कर्मचारीबाट जानकारी लिई सेवा दर्ता कक्षमा सेवाग्राही नरहेको अवस्थामा सिधै आफ्नो कामसँग

सम्बन्धित तोकिएको स्थानमा जाने र कार्य सम्पन्न भएपछि अनावश्यकरुपमा अलमल नगरी परिसरबाट बाहिरिनु पर्नेछ।

६. कामको लागि पालो पर्खनु पर्ने भएमा अदालत परिसरमा रहेको सेवाग्राही प्रतिक्षालयमा आवश्यक दूरी कायम गरी बस्नुपर्नेछ ।

७. सेवाग्राही प्रतिक्षालयमा आवश्यक दूरी कायम गरी प्रतिक्षामा रहन सक्ने स्थान नभएमा सोही कुरा उल्लेख गरी स्थान खाली भएपछि मात्र अदालत प्रवेश गर्न अनुमति दिइनेछ । प्रतिक्षालयमा भौतिक दूरी, बस्न सकिने सिट क्षमता तथा रिट दर्ता कक्षको अवस्थालाई दृष्टिगत गरी स्थान अभाव भई भीडभाड हुन सक्ने अवस्था भए अर्को दिन आउन अनुरोध गरिएको छ ।

८. सर्वोच्च अदालत परिसरभित्र रहेको चमेना गृहमा चार जना भन्दा बढी चमेना गृहका जनशक्ति रहन पाउने छैनन् । चमेना गृह सफा रहनुपर्नेछ र त्यहाँ रहने जनशक्तिले पनि सरसफाईमा बिशेष ध्यान दिनुपर्नेछ । तिनले मास्क, पञ्जा अनिवार्यरुपमा लगाएको हुनुपर्नेछ।

९. अदालत परिसरमा रहेको बगैंचामा जाने, फोटो खिच्ने वा प्राङ्गणमा झुण्ड बनाई बस्न पाइने छैन ।

१०. रिट निवेदनको अध्ययन गरी रीत पुगे नपुगेको लगायतका पक्षहरु यकीन गर्नुपर्ने हुँदा सो कार्यका लागि समय लाग्ने कारणबाट रिट निवेदन दर्ता गर्न आउने व्यक्तिहरुको भिडभाड हुनसक्ने अवस्थालाई मध्यनजर गरी मूल भवनको मूल प्रबेशद्वारबाट दर्ता कक्षमा जान एक पटकमा एक जनालाई मात्र अनुमति दिइने छ । निज फर्किएपछि मात्र प्रतिक्षामा रहेका त्यसपछिका सेवाग्राहीलाई क्रमशः बोलाईनेछ ।

११. दर्ताको लागि आएका रिट निवेदन थप अध्ययन गरी निर्णय दिनुपर्ने भएमा दर्ता गर्न आउनेलाई अर्को समय तोकी फिर्ता पठाईनेछ ।

१२. रिट दर्ताको लागि डेस्कमा रही कार्य गर्ने गरी प्रत्येक दिन दुईवटा डेस्कमा १/१ जना गरी २ जना कर्मचारी र उनीहरुको पालोको लागि समेत थप २ जना कर्मचारीको व्यवस्था गरिनेछ । यस कार्यका लागि कार्य दिनको आधारमा कर्मचारीहरुको आलोपालो मिलाउन सकिने गरी आवश्यक कर्मचारीको व्यवस्था रिट महाशाखाका प्रमुखको समन्वयमा प्रशासन महाशाखाले मिलाएको छ ।

सर्वोच्च अदालत काठमाडौं

१३. रिट निवेदन दर्ताको लागि बुझाउनु पर्ने शुल्क वा दस्तुर दाखिला गर्न हरेक कार्यदिनको निश्चित अवधि वैंकको काउण्टर खोल्ने व्यवस्थाको लागि काठमाडौं वैंक लिमिटेडलाई अनुरोध गरिएको छ। काउण्टर सुचारु नभएसम्मको लागि नगदै लिई वैंक खुलेपछि वैंक दाखिला गर्ने व्यवस्था गर्ने ब्यवस्था मिलाइएको छ ।

१४. वैंकमा दस्तुर बुझाउने लगायतको प्रकृया सम्पन्न गरेका तर निर्धारित समयभित्र दर्ता हुन नसकेका निवेदनको दर्ता अर्को दिन गर्ने गरी व्यवस्था मिलाइएको छ ।

**इजलास तथा सुनुवाई ब्यवस्थापन**

१५. इजलासको भौतिक अवस्था र इजलासमा हुनसक्ने भिडभाड तथा महामारी संक्रमण हुन नदिन आवश्यक पर्ने कायम गर्नुपर्ने न्युनतम् मापदण्ड कायम हुने गरी इजलासको व्यवस्थापन गर्न सम्माननीय प्रधान न्यायाधीशज्यूको निर्देशन र समन्वयमा निश्चित सँख्याका रिट निवेदनहरु सुनुवाईका लागि पेश गरिनेछ।

१६. रिट निवेदन दर्ता गर्दाकै अवस्थामा हरेक दिनको लागि निर्धारित कोटाका आधारमा क्रमिक रुपमा सुनुवाईको दिन तय गरी सोही अनुरुपको पेशी व्यवस्थापन गरिनेछ।

१७. इजलासमा कानून व्यवसायी, मुद्दाका पक्ष तथा कर्मचारी समेतको आवश्यक दूरी कायम हुनसक्ने गरी इजलासको उपस्थिति व्यवस्थापन सम्बन्धित इजलास अधिकृतबाट हुनेछ ।

१८. संयुक्त वा पूर्ण इजलासमा रहनु हुने न्यायाधीशका लागि सम्भव भएसम्म एक मिटरको दूरीमा कुर्सी राखिनेछ । बहसका लागि उपस्थित हुने कानुन ब्यवसायीका लागि आवश्यक दूरी कायम गरी तीनवटा मात्र कुर्सी राखिएको छ । कानुन ब्यवसायी रहने स्थानको पछाडिपट्टि दुईवटा मेच राखिएको छ। त्यसमा भौतिक दूरी कायम गरी प्रत्येकमा दुई जना मात्र बस्न पाईनेछ । सो बाहेक सेवाग्राही वा कानुन ब्यवसायी कोही उभिन वा ढोकाबाट चियाएर हेर्न/रहन निषेध गरिएको छ । इजलास बाहिरको प्यासेजमा राखिएको मेचमा पनि दूरी कायम गरेर मात्र बस्न पाइनेछ ।

१९. रिटको सुनुवाई हुने बेला रिटका पक्ष वा वारिसलाई माइकबाट बोलाईने, तत्पश्चात मात्र बहसको लागि प्रतिक्षामा रहेका कानुन ब्यवसायी न्यूनतम संख्यामा आलोपालो गरी उपस्थित हुने प्रबन्ध मिलाईएको छ ।

२०. सार्वजनिक सरोकारका बिवादका रिट निवेदनको सुनुवाईमा कानुन ब्यवसायीको आलोपालो उपस्थिति र एकले अर्कोले गरेको बहस हेर्न सुन्नको लागि वार एशोसियसनको हलमा स्क्रीनको प्रबन्ध गरिएको छ ।

२१. इजलास प्रवेशमा सोही अनुसारको उपयुक्त सँख्याको पक्ष तथा कानून व्यवसायीको प्रवेशका लागि सम्बन्धित इजलासमा सुरक्षाकर्मीले अनुमति दिने प्रबन्ध मिलाइएको छ ।

२२. इजलासमा प्रवेश गर्दा मास्कको प्रयोग गरे नगरेको अनुगमन सम्बन्धित इजलासमा खटिएका सुरक्षाकर्मीले गर्नेछन् र नलगाएकोमा अनिवार्यरुपमा लगाउन भनिनेछ ।

## बिविध

२३. सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पूर्ण वैठकको निर्णय तथा मिति २०७६।१२।२८ को पूर्ण वैठकको निर्णयका आधारमा मिति २०७७।०१।०१ मा जारी भएको निर्देशनमा महामारीको संक्रमण फैलिन नदिन गरिएका व्यवस्थाहरु यस सन्दर्भमा समेत प्रभावकारी रुपमा लागू र कार्यान्वयन गरिनेछ ।

२४. उल्लिखित निर्णय तथा निर्देशन सर्वोच्च अदालतको वेवसाईटको Covid-19 पोर्टलमा उपलव्ध रहेको छ ।

२५. उपरोक्त बमोजिम भए नभएको सम्बन्धमा अदालतका कर्मचारी र सुरक्षकर्मीबाट निरन्तर अनुगमन हुनेछ र प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**प्रशासन महाशाखा**

मिति : २०७७।०१।१६